पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☎: 067 – 411101, 067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

पत्र संख्या:२०८०/८१
चलानी नम्बर

(भैंसीं प्रवर्द्धन कार्यक्रम सम्वन्धी प्रस्ताव पेश गर्ने बारे अत्यन्त जरुरी सूचना।)

प्रथम पटक प्रकाशन मितिः२०८१/०१/२४

यस कार्यालयको आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०१/१८ गतेको निर्णय वमोजिम तथा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०" बमोजिम तपसिलका कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि फार्महरुले यो सूचना प्रकाशित भएको मितिले ७औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि पेश हुन आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

तपसिलः

| क्र.स | कार्यक्रमको नाम | संख्या | कार्यालयले बहोर्ने अनुदान रकम रु | कृषकले बहोर्नुपर्ने रकम रु. | कार्यक्रम लागू हुने क्षेत्र | लक्षित वर्ग/समुह |
|---|---|---|---|---|---|---|
| १. | भैंसी प्रवर्द्धन कार्यक्रम | १६ | ८,००,०००।- | ८,००,०००।- | वडा नं.६ | कृषि फार्म |

पुनश्चः आवेदकहरुले निवेदन र संक्षिप्त कार्य-योजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेपसाइट बाट http://paiyunmun.gov.np/ डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**शर्तहरुः-**

१. कृषकले अधिकतम १,००,०००।- सम्मको भैंसी खरिद गरेकोमा प्रति भैंसी मुल्यमा ५०% अनुदान उपलब्ध गराइनेछ। तर गाउँपालिकाले तोकेको अधिकतम मुल्य भन्दा कम रकममा खरिद गरेमा खरिद गरेको रकमको ५०% उपलब्ध गराइने र अधिकतम मुल्य भन्दा बढिको भैंसी खरिद गरेको खण्डमा तोकिएको अधिकतम मुल्यलाई आधार मानि अधिकतम रकमको ५०% रकम अनुदान स्वरूप उपलब्ध गराईनेछ।
२. कृषकले भैंसी खरिद गर्दा नियमानुसार दर्ता भएका व्यवसायिक फर्मबाट मात्र गर्नुपर्ने छ।
३. भैंसी प्रवर्द्धन कार्यक्रम सम्वन्धीअन्य व्यवस्था पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०१/१८ गतेको निर्णय वमोजिम तथा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०" बमोजिम हुनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. प्रस्ताव पेश गर्दा पशुपन्छी तथा मत्य्य विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० को अनुसूची-४ मा उल्लेखित कागजातहरु पेश गर्नुपर्ने छ। उक्त अनुसूची यसै साथ संलग्न छ।

(ई.राजीव रिमाल)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
☎: 067 – 411101, 067 – 411102
✉: palyungapa@gmail.com
🌐: www.palyunmun.gov.np
गण्डकी प्रदेश, नेपाल।

पत्र संख्याः२०८०/८१
चलानी नम्बर

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## अनुसुची-०४
## आवश्यक कागजातहरुको सूची

१. कार्यक्रम कार्यान्वयन सम्वन्धी संक्षिप्त कार्ययोजना।
२. हस्तलिखित निवेदन।
३. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
४. आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि
५. कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात।
६. स्थायी लेखा नम्वर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
७. यस कार्यक्रमका लागि अन्य कुनै निकायवाट अनुदान नलिएको स्वः घोषणा पत्र।
८. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

..............................
(ई.राजीव रिमाल)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner